# मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

**सभाका अध्यक्ष ज्यू,**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ७१ बमोजिम मर्स्याङ्दी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटलाई उत्पादन, उत्पादकत्व र आर्थिक वृद्धि, सामाजिक न्याय र मर्स्याङ्दी गाउँपालिकाबासीको समृद्धिको संवाहकको रुपमा लिइएकोछु ।

सर्वप्रथम लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि शहादत प्राप्त गर्नुहुने सबै अमर शहिदहरुलाई स्मरण गर्दै, उहाँहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यो परिवर्तनको आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रज नेताहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संवैधानिक संकल्पलाई पुरा गर्न निरपेक्ष गरिबीको मारमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदाय सहितका आम नागरिकको विकासको चाहनालाई संबोधन गरी आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई बजेटमा प्राथमिकतामा राखेको छु।
आर्थिक वर्ष २०८२/०८३ को मर्स्याङ्दी गाउँपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधान, सङ्घीय सरकारको ऐन, नियम, कानून र कार्यविधि, दीगो विकासका लक्ष्यहरु, मध्यकालीन खर्च संरचना, गण्डकी प्रदेश सरकारको ऐन, नियम, कानून र गाउँपालिकाको ऐन,नियम ,नीति तथा कार्यक्रममा सभाका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई आधार मानेको छु ।यस गाउँपालिकाको बजेट तर्जुमा गर्दा सङ्घीय सरकार, गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटलाई समेत आधार लिएको छु। यो बजेट तर्जुमा गर्दा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समेत समावेश गरेको छु।

अध्यक्ष महोदय,

अब म बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

❖ **आ.व. २०८२/०८३ को बजेटका उद्देश्यहरु निम्न छन् :**

- सामाजिक र आर्थिक रुपान्तरण गरी समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माण गर्ने,
- सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता र उत्तरदायित्व पालना गर्ने गराउने,

- बाढी पहिरोबाट उत्पन्न प्राकृतिक विपत्तीबाट मानव जीवनमा आइपरेका समस्याहरुको समाधान गर्ने,
- कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने,
- उपलब्ध प्राकृतिक स्रोत-साधन, श्रमशक्ति, पूँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सृजना र गरिबी निवारण गर्ने,
- चुस्त, दुरुस्त, सर्वसुलभ र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने,
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, आर्थिक र सामाजिक क्षेत्रको विकास गर्ने,
- आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्ने ।

❖ **आ.व. २०८२/०८३ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :**

- कृषि तथा पुशपंछी क्षेत्रको व्यवसायिकरण, आधुनिकिरण, सामुहिकिकरण र बजारीकरण,
- नीजि क्षेत्र समेतको सहभागितामा पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण र प्रवर्द्धन तथा पर्यटकीय पूर्वाधार विकास,
- वन जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोतसाधनको दीगो व्यवस्थापन र सदुपयोग,
- स्थानीय श्रम, सीप, पूँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग, पेशा, व्यवसायको जगेर्ना र प्रवर्द्धन मार्फत रोजगारी र स्वरोजगारको अवसर सृजना र गरिबी निवारण,
- गुणस्तरीय शिक्षा र स्वास्थ्य, खेलकुद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास,
- आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक रुपमा पछि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समावेशी एवम् समानुपातिक विकास,
- गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच र सुशासन अभिवृद्धि ।

**अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८१/०८२ सम्ममा मर्स्याङ्दी गाउँपालिकाको तर्फबाट सम्पादित महत्त्वपूर्ण कामहरुको सङक्षिप्त विवरण र आगामी वर्षको प्रक्षेपण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

मर्स्याङ्दी गाउँपालिकाको विगत ६ वर्षको वित्तीय प्रगतिको समिक्षा गर्दा आ.व. २०७४/०७५ मा ८५.९ प्रतिशत, आ.व.२०७५/०७६ मा ८६.९० प्रतिशत, आ.व. २०७६/0७७ मा ८३.९५ प्रतिशत, आ.व.२०७७/०७८ मा ८४.७१ प्रतिशत, आ.व. २०७८/०७९ मा ८८.६३ प्रतिशत,

आ.व.२०७९/०८० मा ८५.७९ प्रतिशत, आ.व.२०८०/०८१ मा ८६.१६ प्रतिशत र आ.व. २०८१/०८२ को असार असार ९ गते सम्म ८१.१५ प्रतिशत भएको छ र असार मसान्त सम्म ८८.८५ प्रतिशत हुने अनुमान र आगामी आर्थिक वर्ष २०८२/०८३ मा ९१.० प्रतिशत वित्तीय प्रगति हुने लक्ष्य लिएको छु।

**अध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आय व्ययको विवरण प्रस्तुत गर्न गइरहेको छु । मर्स्याङ्दी गाँउपालिकाले प्रस्तावित नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेश तथा स्थानीय सरकारका विद्यमान ऐन, कानूनहरु, आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालय र सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिकाको मिति २०८२/०३/०८ गते बसेको बैठकले स्वीकृत गरी यस गरीमामय गाउँसभामा आगामी आ.व. २०८२/०८३ को बजेट प्रस्तुत गरेको छु । आ.व. २०८२/०८३ मा यस गाउँपालिकामा नेपाल सरकारको वित्तीय समानीकरण अनुदान रु १० करोड ३० लाख ।- प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान रु १ करोड १३ लाख १५ हजार, नेपाल सरकारको राजश्व बाँडफाँडबाट ११ करोड ६ हजार अट्चालिस रुपैया। प्रदेश सरकारको राजश्व बाँडफाँडबाट १ करोड २० लाख ४९ हजार, आन्तरिक राजस्व तर्फ १ करोड, सशर्त अनुदान सङ्घीय सरकारतर्फ रु २४ करोड ४८ लाख, सङ्घ सरकारको समपूरक अनुदान तर्फ २ करोड ९७ लाख ,प्रदेश सरकार विशेष अनुदान वापत रु ३९ लाख ५६ हजार र समपूरक अनुदान ६० लाख, जलविद्युत रोयल्टी वापत रु ३ करोड ६० लाख , पर्वतारोहण वापत प्राप्त रोयल्टी रु ८ लाख, वन पैदावर रोयल्टी रु ४ लाख र प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम रु. ४ लाख ३६ हजार ५ सय रुपैया गरी कुल आय **५९** करोड ३४ लाख ९२ **हजार ५ सय रुपैंया** को अनुमानित आय यस गरिमामय सभा समक्ष पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म आ.व. २०८२/०८३ को व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

चालु खर्च तर्फबाट ७ करोड ७७ लाख, पूँजीगत खर्चतर्फ १९ करोड ७९ लाख रुपैया । सशर्त तर्फ २४ करोड ४८ लाख । प्रदेश र स्थानीय तह क्षमता विकास कार्यक्रम तर्फ रु ४ लाख ३६ हजार ५ सय रुपैया, समपूरक कोष तर्फ रु ५ करोड ९५ लाख, संघ सरकार विशेष अनुदान ९० लाख, प्रदेश सरकार विशेष अनुदान वापत रु ३९ लाख ५६ हजार गरी जम्मा कुल खर्च **५९** करोड **३४** लाख ९२ हजार **५ सय** रुपैंयाको अनुमानित खर्च यस गरीममय सभा समक्ष पेश गर्दछु।

जस मध्ये नीति तथा कार्यक्रमको आधारमा निम्न कार्यक्रमहरुलाई प्राथमिकतामा राखी बजेटमा विनियोजन गरेको छु । वडागत रुपमा गाउँ-बस्तीको योजनाहरुलाई सम्बोधन गर्ने गरी वडा समितिले छनौट गर्न पाउने गरी योजना कार्यान्वयन गराउन वडागत रुपमा जनसङ्ख्या, भौगोलिक क्षेत्रफल, राजश्व संकलन लमसपलाई आधार मानी ९ वटा वडाहरुलाई रु. ४ करोड ६० लाख बजेट व्यवस्था मिलाएको छु । वडागत योजनाहरुको विवरण अनुसूचीमा उल्लेख गरीएको छ ।

१) कृषि, पशुपन्छी तथा जडीबुटी क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि क्षेत्रको विविधीकरण र व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण विकासमा जोड दिई कृषि विकास कार्यक्रमको लागि रु.१ करोड २५ लाख, पशुपन्छी विकास कार्यक्रमको लागि रु.७८ लाख र जटिबुटि विकास तथा प्रशोधन कार्यक्रमको लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

२) किसानहरुको उत्पादनको सहज बजारीकरणको लागि मर्स्याङ्दी कोसेली घर र पर्यटन सुचना केन्द्र सञ्चालनको लागि रु. १० लाख विनियोजन गरेको छु।

३) नियमित कृषि हाटमेला सञ्चालन तथा पूर्वाधार निर्माणको लागि रु. ५ लाख विनियोजन गरेको छु।

४) कृषि यान्त्रीकरणको लागि रु. १० लाख विनियोजन गरेको छु।

५) व्यवसायिक कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत अकबरे खुर्सानी खेति, फलफुल खेति र कफि खेतिको लागि रु. ५५ लाख विनियोजन गरेको छु।

६) फुल तथा फलफुल नर्सरी स्थापनाको लागि रु.४ लाख विनियोजन गरेको छु।

७) कृषि सेवा केन्द्र, खुदीमा निर्मित चिस्यान केन्द्र सञ्चालनको लागि रु.३ लाख विनियोजन गरेको छु।

८) वडागत रुपमा कृषि विकास कार्यक्रम सञ्चालन गर्न ४३ लाख विनियोजना गरेको छु।

९) माटो परिक्षण तथा वाली उपचार शिविरको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

१०) व्यवसायिक पशु पालन प्रवर्द्धन कार्यक्रमको लागि रु.२० लाख विनियोजन गरेको छु ।

११) पशु स्वास्थ्य शिविर सञ्चालनको लागि रु.३ लाख विनियोजन गरेको छु ।

१२) पशुपंछि उपचार कक्ष निर्माणको लागि रु.५ लाख विनियोजन गरेको छु ।

१३) साना किसान पशुपालन सहयोग तथा औषधि खरिदको लागि रु. १५ लाख विनियोजन गरेको छु ।

१४) वडागत रुपमा पशु विकास कार्यक्रम सञ्चालन गर्न ३५ लाख विनियोजना गरेको छु ।

१५) सीप विकास तथा क्षमता विकास तालिमका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

१६) महिला विकास कार्यक्रम तथा महिला लक्षित आयमुलक तथा सिपमुलक कार्यक्रमको लागि रु.२० लाख विनियोजन गरेको छु ।

१७) विभिन्न सचेतनामुलक कार्यक्रमहरुको लागि १० लाख विनियोजन गरेको छु ।

१८) सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रमको लागि रु.५ लाख विनियोजन गरेको छु ।

१९) वाल विकास शिक्षक र कार्यालय सहयोगीहरुको तलव तथा शिक्षण सिकाई अनुदान, परीक्षा सञ्चालन, राष्ट्रपति कप, मर्स्याङ्दी कप, विभिन्न दिवस, तालिम तथा गोष्ठि, पाठ्यपुस्तक निर्माण, विपन्न तथा जेहेन्दार बालबालिकाहरुकालाई प्राविधिक शिक्षा अध्ययन तथा छात्रवृत्ति, विद्यालयहरुको कम्प्युटर मर्मत, विद्यालय पूर्वाधार कार्यक्रम, दिवा खाजामा थप लगायत शिक्षाको विकासको लागि रु. २ करोड २५ लाख बजेट विनियोजित गरेको छु ।

२०) स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न औषधी खरिद तथा विभिन्न कार्यक्रमहरुको लागि रु. १ करोड २५ लाख बजेट विनियोजन गरेको छु । विपन्न परिवारहरुको निशुल्क स्वास्थ्य विमाको लागि बजेट विनियोजन गरेको छु ।

२१) मर्स्याङ्दी आधारभुत अस्पताललाई यसै आ.व.मा सञ्चालनमा ल्याउने तयारीमा जुटिरहेका छौं । सोको लागि आवश्यक निर्माणमा रु. १ करोड विनियोजन गरेको छु ।

२२) वडा नं ४ र ६ मा निर्माणधिन स्वास्थ्य चौकीको भवनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२३) मर्स्याङ्दी गाउँपालिकाको प्रवेश द्धार निर्माणको लागि रु.१० लाख विनियोजन गरेको छु ।

२४) विभिन्न सडक स्तरोन्नति, पूर्वाधार निर्माण योजनाहरुको लागि थप रु.२ करोड विनियोजन गरेको छु ।

२५) समाजमा योगदान गर्दैं उमेरका कारण भौतिक रुपमा कमजोर भएका जेष्ठ नागरिकहरुको सम्मानार्थ ६० देखि ६९ वर्ष सम्मका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गर्नका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु भने जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि रु.५ लाख र धार्मीक स्थल भ्रमणको लागि रु.३ लाख विनियोजन गरेको छु ।

२६) वर्षातको समयमा पानीका कारण सडकहरु बिग्रिन गई मोटरबाटो बन्द हुन नदिन र सडक सरसफाई तथा मर्मत सम्भार गर्नका लागि रु. ३८ लाख बजेट विनियोजन गरेको छु ।

२७) शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुका लागि आय-आर्जन गरी जीविकोपार्जन गराउने तथा ग वर्गका अपाङ्गगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन रु १३ लाख बजेट बजेट विनियोजन गरेको छु संस्थाह भने अपाङ्ग सिपमुलक तालिम तथा आय आर्जन कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

२८) सफा मर्स्याङ्दी गाउँपालिका अभियानलाई निरन्तरता दिँदै फोहोरमैला व्यवस्थापनको लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु ।

२९) परम्परागत प्राचीन मौलिक संस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्द्धनमा जोड दिई विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव तथा दिवसका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

३०) विभिन्न प्राकृतिक प्रकोप, आगलागी तथा मानवीय विपत्ती र महामारी जस्ता विपद् व्यवस्थापनका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

३१) यूवाहरुको खेलकुद विकास र यूवा सिपमुलक तालिम तथा सचेतनामुलक कार्यक्रमहरुको लागि रु. १५ लाख बजेटको व्यवस्था गरेको छु ।

३२) खेलाडीहरुलाई थप प्रोत्साहित गर्न र सहयोगको लागि रु.५ लाख विनियोजन गरेको छु।

३३) **"म बनाउँछु मेरो पालिका, समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माणमा मेरो सहभागिता"** अभियान मार्फत यूवाहरुलाई पालिकाको विकास सँग जोड्न प्रोत्साहित गर्न रु. ५ लाख विनियोजन गरेको छु।

३४) चोरी शिकार तथा डडेलो नियन्त्रण, वन पैदावर संरक्षण प्रवर्द्धन र व्यवसायीकरण, वायोईन्जिनियरिङ गर्नका लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु ।

३५) वडा नं ४ र ६ को स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गर्नको लागि ५५ लाख विनियोजन गरेको छु ।

३६) मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ३ र ४ को सडक पूर्वाधारको स्तरोन्नति गर्न सङ्घ सरकारसँग र खुदी सिम्पानी भलामचौर घलेगाउँ सडकको प्रदेश सरकारसँग समपूरक कोषको लागि रु. ५ करोड ९५ लाख बजेट विनियोजन गरेको छु।

३७) शहिद तथा बेपत्ता स्मृति अध्ययन केन्द्रद्धारा स्थापना गरीएको शहिद तथा बेपत्ता स्मृति अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, खुदीका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु

३८) गरिव तथा जेहन्दार विद्यार्थीहरुको लागि छात्रवृद्धिको लागि रु. ९ लाख विनियोजन गरेको छु।

३९) परम्परागत कृषि औजार निर्माण गर्ने आरनहरुलाई आधुनिक र गुणस्तरीय कृषि औजारहरु निर्माण गर्न आरन सुधार कार्यक्रमको लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

४०) असक्त , असहाय विपन्न कोषमा रु १० लाख, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण गर्न रु ३ लाख बजेट विनियोजन गरेको छु।

४१) टोल विकास संस्थाहरुको व्यवस्थापनको निम्ति रु.१० लाख विनियोजन गरेको छु।

४२) पर्यटनको प्रचुर सम्भावना भएको यस पालिकाको पर्यटन प्रवर्द्धन कार्यक्रमको लागि रु.६५ लाख विनियोजन गरेको छु।

४३) विद्युतिय चुलोको प्रयोगलाई प्रोत्साहन दिनको लागि अनुदानमा विद्युतिय चुलो वितरणको लागि रु.१० लाख विनियोजन गरेको छु।

४४) मुख्य मुख्य बजार क्षेत्रमा सि सि क्यामेरा जडानको लागि यस वर्षको निम्ति रु. ६ लाख विनियोजन गरेको छु।

४५) साना उद्यम सहयोग कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरेको छु।

४६) लागत साझेदारी योजनाहरुको लागि रु. २० लाख विनियोजन गरेको छु।

४७) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक, महोत्सव दिवस गोष्ठिहरु सञ्चालनार्थ रु. १० लाख विनियोजन गरेको छु।

४८) पानी घट्ट, ढिकी, जाँतो संरक्षण कार्यक्रमको लागि रु.३ लाख विनियोजन गरेको छु।

४९) गाउँपालिका, वडा कार्यलयहरुमा मिनि लाईब्रेरी स्थापना गर्न रु.५ लाख विनियोजन गरेको छु।

५०) अनाथ, विपन्न वालवालिकाहरुको वाल संरक्षण कोष स्थापना गर्न रु.३ लाख विनियोजन गरेको छु।

५१) पालिकाको सम्पूर्ण वडाहरुमा अति आवश्यक साना पूर्वाधार निर्माणको लागि झण्डै २ करोड बजेट विनियोजन गरेको छु। संघ प्रदेश सरकारको कुनै पनि पूर्वाधार योजना नपरेको वडा नं. ८ मा भुलभुले - सिमलचौर - भुस्मे रिन्टाङ सडकलाई रु.५० लाख विनियोजन गरेको छु।

आय / व्यय र कार्यक्रमको योजनाहरुको शीर्षक तथा बजेट अनुसूचीहरुमा प्रस्तुत गरेको छु ।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडासदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, निजी क्षेत्र, पत्रकार, सम्पूर्ण पालिकाबासीहरुबाट प्राप्त सुझाव, सल्लाह र सहयोगप्रति हार्दिक अभार व्यक्त गर्दछु ।

**"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार, कला संस्कृतिको संरक्षण कृषि, पर्यटन, उर्जा र पूर्वाधार"** को नारालाई साकार पार्नका निम्ति मर्स्याङ्दी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनुहुने मर्स्याङ्दी गाउँपालिकाको जनसमूदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

जुना माया थापा
उपाध्यक्ष
मर्स्याङ्दी गाउँपालिका, लमजुङ

**मितिः** २०८२ असार १० गते, मङ्गलबार